CDC Journal, Year 33, No. 47, August 2025, DOI: https://doi.org/10.3126/cdj.v33i47.83471
Received Date: December 10, 2024 Accepted Date: August 3, 2025

# ‘बूढो रुख कथामा’ पर्यावरण

*अम्बिका अर्याल*
पद्मकन्या बहुमुखी क्याम्पस, त्रि.वि, काठमाडौं ।
**इमेल :** *ambiaryal@gmail.com*
*Orcid ID: https://orcid.org/0009-0000-2471-9288*

## लेखसार

*'बूढो रूख कथामा पर्यावरण' शीर्षकको प्रस्तुत लेख आख्यानकार डी. आर. राईको कथासङ्ग्रह खोक्पा (२०८०) मा सङ्गृहीत 'बूढो रूख' कथा र त्यसमा अभिव्यक्त पर्यावरणीय चेतनाको विश्लेषणमा केन्द्रित छ । समय क्रमसँगै विभिन्न किसिमका आवश्यकता र आधुनिकीकरणप्रतिको मोहका कारण मानिसहरूले प्रकृतिमाथि गर्दै आएको ध्वंशले निम्त्याएको असरका सम्बन्धमा जागृत चेतना नै पर्यावरणीय चेतना हो । विकासका नाममा प्रकृतिमाथि मान्छेले गरेको विनाश र त्यसले पर्यावरणमा पारेको असरप्रतिको चेतनालाई 'बूढो रूख' कथामा कसरी प्रस्तुत गरिएको छ भन्ने मूल जिज्ञासाको समाधान गर्ने लक्ष्य यस लेखले राखेको छ । यसले प्रकृति र मानवबिचको सम्बन्ध, प्रकृतिको विनाशले मानवीय जीवनमा पुगेको असर तथा प्रकृतिको संरक्षणप्रति जागृत पर्यावरणीय चेतनासम्बन्धी मान्यतालाई कृति विश्लेषणले सैद्धान्तिक ढाँचाका रूपमा लिई निर्धारित कथाको तथ्यगत विश्लेषण गरेको छ । बिसौँ शताब्दीमा पाश्चात्य जगत्मा विकसित पर्यावरणीय चेतनासम्बन्धी साहित्यसिद्धान्तका आधारमा कृतिको विश्लेषण गरिएको हुनाले यो लेख निगमनात्मक प्रकृतिको बन्न पुगेको छ । यसमा सामग्री सङ्कलनका क्रममा पुस्तकालयीय पद्धतिलाई अवलम्बन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा 'बूढो रूख' कथालाई लिइएको यस लेखमा विश्लेष्य कथासँग सम्बन्धित लेख, समीक्षा तथा विश्लेषण र पर्यावरणीय चेतनासँग सम्बन्धित अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । 'बूढो रूख' कथामा प्रकृतिको विनाश नै मानवजीवनको विनाशको प्रमुख कारण भएको र प्रकृति तथा मानवबिच भौतिक एवम् आत्मीय सम्बन्ध रहेको विचारका माध्यमबाट पर्यावरणीय चेतनाको प्रस्तुति गरिएको निष्कर्ष यस लेखले निकालेको छ । साथै पुँजीवाद र आधुनिकीकरणका नाममा विभिन्न औजार तथा कलकारखानाको विकास हुँदै गएपछि प्रकृतिमा पर्न गएको नकारात्मक प्रभाव तथा विकासले निम्त्याएको जोखिमप्रति सचेत हुन यस कथाले आग्रह गरेको हुनाले पर्यावरणीय चेतनाका हिसाबले यो कथा सशक्त बनेको निष्कर्ष पनि यस लेखको रहेको छ ।*

**शब्दकुञ्जी :** इकोलोजी, परिवृत्तीय, पारिस्थितिक, पर्यावरण, सन्तुलन ।

## विषयपरिचय

प्रस्तुत अध्ययनको शीर्षक 'बूढो रूख कथामा पर्यावरण' रहेको छ । 'बूढो रूख' डी. आर. अर्थात् दिनेशकुमार राईको *खोक्पा* कथासङ्ग्रहमा सङ्गृहीत पहिलो कथा हो । पर्यावरण हाम्रो वरपर रहेको प्राकृतिक, जैविक, सामाजिक तत्त्वहरूको समष्टि रूप हो । प्रकृतिको उपादेयता तथा संरक्षणको महत्त्वलाई बिर्सेर विभिन्न स्वार्थका कारण मानिसले प्रकृतिमाथि नै गरेको नियन्त्रण, विनाश तथा विध्वंशले निम्त्याएको असरप्रतिको सजगता पर्यावरणीय चेतना हो । यस अध्ययनको मूल समस्या राईको प्रस्तुत कथामा पर्यावरणीय चेतना केकस्तो रहेको छ भन्ने हो । प्रस्तुत कथामा अभिव्यक्त पर्यावरणीय चेतनाको निरूपण गर्नु यस अध्ययनको उद्देश्य हो । राईको 'बूढो रूख' कथामा प्रकृतिको जगेर्नातर्फको चिन्तन र जागरूकताका साथै प्रकृतिको विनाशले मानिसको समेत विनाश हुने तथ्यलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । तर यस विषयमा केन्द्रित भएर हालसम्म यस कथाको अध्ययन तथा विश्लेषण भएको देखिँदैन । "साताको पुस्तक : डी. आर. को *खोक्पा"* (२०८०) शीर्षकको 'साहित्यपोस्ट'मा प्रकाशित समाचार, "डी.आर.को कथासङ्ग्रह *खोक्पा* सार्वजनिक" (२०८०) शीर्षकको समाचारभित्र यस कथाका बारेमा चर्चा गरिएको छ । यस क्रममा निमग्ना घिमिरे, हेम भण्डारी तथा महेश पौड्यालले यस कथाका बारेमा राखेको अन्य धारणालाई समेटिएको भए तापनि पर्यावरणीय दृष्टिले यस कथाको विश्लेषण हालसम्म भएको पाइँदैन । यस शोधअन्तरालका सापेक्षमा प्रकृतिको विनाशप्रतिको चिन्ता एवम् पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको राईको 'बूढो रूख' कथाको पर्यावरणीय दृष्टिबाट अध्ययन तथा विश्लेषण गरिनु औचित्यपूर्ण देखिन्छ । विश्वभर पर्यावरणीय सन्तुलन बिग्रँदै गएको र त्यसको चिन्ता तथा चिन्तनमा ध्यान दिनुपर्ने अवस्था सिर्जना भइरहेको वर्तमान परिप्रेक्ष्यमा सिर्जनाका माध्यमबाट पर्यावरणीय सन्तुलनको अपरिहार्यतालाई प्रस्तुत गरिएको हुनाले यसमा अभिव्यक्त पर्यावरणीय चेतना अध्ययनीय विषय देखिन्छ । तसर्थ प्रस्तुत अध्ययन राईको 'बूढो रूख' कथाको पर्यावरणीय विश्लेषणमा केन्द्रित रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ । यसमा डी. आर. को कथासङ्ग्रह *खोक्पा*लाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । साथै यसमा सङ्गृहीत 'बूढो रूख' शीर्षकको कथासँग सम्बन्धित अध्ययन तथा पर्यावरणीय चेतनासँग सम्बद्ध सैद्धान्तिक पक्षबारे गरिएका अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यी दुवै सामग्रीको समुचित प्रयोगबाट पर्यावरणीच चेतनाको विश्लेषणका लागि सैद्धान्तिक ढाँचाको निर्माण गरिएको छ । यस क्रममा प्रकृति र मानवबिचको सम्बन्ध, प्रकृतिको विनाशले मानवीय जीवनमा पुगेको असर तथा प्रकृतिको संरक्षणप्रति जागृत पर्यावरणीय चेतनाका आधारमा विश्लेषणात्मक विधिको प्रयोग गरी समस्याको समाधान निकालिएको छ । पर्यावरणीय सिद्धान्तका सापेक्षमा कृतिको विश्लेषण गरिएको हुनाले यस लेखमा निगमनात्मक पद्धतिको प्रयोग गरिएको छ । पर्यावरणीय चेतनाका दृष्टिबाट साहित्यको विश्लेषण गरिएको हुनाले यो लेख अन्तर्विषयक एवम् गुणात्मक प्रकृतिको बन्न पुगेको छ ।

## पर्यावरणीय चेतनाको सैद्धान्तिक परिचय

'परि' र 'आवरण' शब्दको संयोजनबाट पर्यावरण बनेको छ । शाब्दिक रूपमा हेर्दा 'परि' को अर्थ ' चारैतिर' र 'आवरण' को अर्थ 'घेरा' भन्ने हुन्छ । प्रज्ञा नेपाली शब्दकोशका अनुसार 'पर्यावरण' 'कुनै वस्तु, विषय, व्यक्ति आदिको अवस्थिति र परिवेश वा वातावरण'लाई द्योतन गर्ने तत्सम शब्द हो । यसले 'चारैतिर फैलिएको वा रहेको जलवायु एवम् हावापानी'लाई समेत जनाउँछ । 'पर्यावरण'लाई अङ्ग्रेजीमा 'इकोलोजी' भनिन्छ । 'इकोलोजी' (जर्मन ओकोलोजी) शब्द सर्वप्रथम जर्मन दार्शनिक अर्नेस्ट हेकेलले प्रयोग गरेका हुन् । यो शब्द ग्रीक 'ओकोस' बाट आएको हो । यसको अर्थ 'गृहस्थी, घर वा बस्ने ठाउँ' भन्ने हुन्छ (ब्रिटानिका) । 'इकोलोजी'को अर्थ 'वातावरणसँग वनस्पति र जीवजन्तुको सम्बन्धको अध्ययन' भन्ने हुन्छ ।

पर्यावरणलाई केन्द्रमा राखेर गरिने समालोचना पर्यावरणीय समालोचना हो । यसलाई अङ्ग्रेजीमा ' इकोक्रिटिसिजम' भनिन्छ । यो 'इकोक्रिटिक' र 'इजम्'को मेलबाट बनेको शब्द हो । 'इको' र ' क्रिटिक' दुवै शब्द ग्रीक भाषाबाट आएका हुन् । 'ओइकोस' (घर) र 'इक्रिट्स' (न्यायाधीश) मिलेर यसको अर्थ 'घरको न्यायाधीश' हुन्छ (होवार्थ, सन् १९९६, पृ. ६८) । साहित्यका सन्दर्भमा यसको अर्थ भिन्न देखिन्छ । प्राणी, जीवजन्तु, वनस्पति तथा वातावरणलाई महत्त्व दिने साहित्य सिद्धान्त नै पर्यावरणीय समालोचना हो । यसले वातावरण र जीवको सन्तुलनमा प्रकृतिको सम्बन्धको अध्ययन गर्दछ । यसलाई परिवृत्तीय समालोचना, वातावरणीय समालोचना, वातावरणीय काव्यशास्त्र, हरित समालोचनाजस्ता नामबाट पनि सम्बोधन गर्ने गरिन्छ ।

सैद्धान्तिक रूपमा पश्चिमेली जगत्मा पर्यावरणीय चेतना सन् १९६० को दशकदेखि विकसित भएको हो । यसमा परिवृत्तीय विज्ञानका आधारमा साहित्य सिर्जना र समालोचना गरिन्छ । चेरिल ग्लोटफेल्टीका अनुसार पर्यावरणीय समालोचना साहित्य र भौतिक वातावरणबिचको सम्बन्धको अध्ययन हो । लरेन्स बुयलका अनुसार यो अन्तरविषयगत दृष्टिकोणबाट गरिने साहित्य र वातावरणको अध्ययन हो । यसबाट सबै विज्ञानलाई एकत्रित गरी वातावरणको विश्लेषण गर्न र समकालीन पर्यावरणीय स्थितिको सुधारका सम्भावित समाधान खोज्न मद्दत पुऱ्याइन्छ । पर्यावरणीय समालोचना केवल ग्रामीण जीवनको प्रशंसा र अद्भुत प्रकृतिको आदर तथा यात्रा वृत्तान्त एवम् प्रेरणादायक भाषण भने होइन (डोबी, सन् २०१२, पृ.२३९) । प्रकृतिको संरक्षण र पर्यावरणलाई सन्तुलनमा राख्नका लागि जागृत भएको चेतना नै पर्यावरणीय चेतना हो ।

वेदकालीन समयदेखि नै पर्यावरणप्रतिको सजगता र विमर्शहरु हुने गरेको इतिहास भेटिन्छ । वेदका मन्त्रहरूमा प्रकृतिको पूजा तथा संरक्षणप्रतिको चिन्तन प्रस्तुत गरिएको पाइन्छ । त्यस समयमा भूमिलाई ईश्वरका रूपमा पूजा गर्ने, प्रकृति र पुरूषका सम्बन्ध परस्पर एक अर्कामा आधारित मान्ने प्रचलन देखिन्छ (सिंह, २०८१, पृ. ६) । पर्यावरणीय समालोचनाको सचेत रूपमा सुरूवात भने बिसौँ शताब्दीको उत्तरार्धमा मात्र भएको पाइन्छ । यसको संस्थागत विकासको थालनी १९९२ मा पश्चिमी साहित्य संघमा साहित्य र वातावरण अध्ययनका लागि सङ्घ (एस्ले) गठनसँगै भयो । यसपछि

१९९३ मा 'इस्लम इन्टरडिसिप्लिनरी स्टडिज इन लिटरेचर एन्ड इनभारोमेन्ट' नामक जर्नल सुरू भयो र १९९६ मा *द इकोक्रिटिसिजम रिडर*को प्रकाशनले यसलाई थप मजबुत बनायो । लरेन्स बुयलको 'द इन्भाइरोमेन्टन इमाजिनेसन' (सन् १९९५) यसको मानक ग्रन्थ हो । यसमा उनले प्रकृति वा वातावरणलाई मानवका निमित्त दान गरिएको वस्तु ठानिन नहुने तर्क राखेका छन् । उनले वातावरणको आफ्नै अस्तित्व भएको विचार प्रस्तुत गरेका छन् (बुयल, १९९५, पृ. ७) । यसरी पर्यावरणीय समालोचनाले वातावरण र मानिसको सम्बन्ध तथा पृथक् अस्तित्वलाई जोड दिएको देखिन्छ ।

पर्यावरणीय समालोचनाले कृतिमा भएको जीव र वातावरणको प्रस्तुतिको अध्ययन गर्दछ । यसले जीव र प्रकृतिको चित्रण कृतिमा कसरी गरिन्छ ? त्यसले कुन कुरालाई प्रतिनिधित्व गर्छ ? साथै तिनीहरूलाई यस्ता विशिष्ट तरिकामा कहिले र किन चित्रण गरिन्छ भन्ने सन्दर्भको अध्ययन गर्दछ (मिल्नी, सन् २०१०, पृ. ४७ ) । पर्यावरणीय समालोचनाले मानव विषयगततालाई मानवीय सन्दर्भमा नभई गैर–मानवीय संसारसँग सम्बन्धित गरेर पुनःपरिभाषित गर्दछ (हेस, सन् २००६, पृ. ५०७) । प्रकृति र मानवको भिन्न अस्तित्व स्विकार्दै मानवीय संसारभन्दा प्रकृतिको अध्ययन पृथक् ढङ्गले गरिनुपर्ने धारणा पनि यसले राखेको देखिन्छ ।

पर्यावरणीय समालोचनाले आधुनिकतावादी प्रवृत्ति र विकासका कारण पर्यावरणमा परेको असरप्रति चिन्ता प्रकट गर्दछ । आधुनिकतावादको विकल्पका रूपमा डीप इकोलोजी र सामाजिक पर्यावरण जस्ता धारहरू देखापरेका छन् । डीप इकोलोजीले प्रकृतिको आफ्नै मूल्य र महत्त्व रहेको कुरामा जोड दिन्छ । यसले प्रकृतिको अन्य प्रजाति समान अधिकारको वकालत गर्छ । तर सामाजिक पर्यावरणले मानव उपयोगका सन्दर्भमा प्रकृतिलाई महत्त्व दिन्छ र यसले अराजकतावाद, समाजवाद, नारीवादजस्ता राजनीतिक दर्शनहरूसँग सम्बन्ध राख्छ (हेस, सन् २००६, पृ. ५०७) । पर्यावरणीय समालोचनामा पर्यावरणलाई मानवको भन्दा पृथक् अस्तित्वयुक्त मान्ने तथा प्रकृतिसँग मानवको अन्योन्याश्रित सम्बन्ध भएको मत राख्ने गरी दुवै प्रवृत्तिका अवधारणा विकास भएका देखिन्छन् ।

पर्यावरणीय समालोचनाले पारिस्थितिकीय न्याय र सामाजिक असमानताहरूको सवाललाई समेत समेट्दै आएको छ । यसले प्रकृति संरक्षण र न्यायका सवाललाई जोड्दै सहरी क्षेत्रहरू र सामाजिक समस्याहरूलाई केन्द्रमा राख्ने प्रयास गरिरहेको छ । टी.भी. रीडले भनेझैँ पर्यावरणीय समालोचनाले प्राकृतिक संरक्षणको चिन्ता र वितरणात्मक न्यायलाई जोड्नुपर्ने मान्यता अघि सार्दछ (हेस, सन् २००६, पृ. ५०८) । पर्यावरणीय समालोचनाले ग्रामीण तथा सहरिया परिवेशमा भएका प्रकृतिको विनाशका कारणको खोजी गरी त्यसको संरक्षणमा लाग्नुपर्ने विचारका साथै पारिस्थितिकीय प्रणालीमा पर्ने असर न्यूनीकरणतर्फ सचेत हुन आग्रह गर्दछ । पर्यावरणीय चेतनामा वातावरणीय संवेदनशीलताको बाहुल्य रहन्छ । यसले कृतिमा प्रकृतिकेन्द्रित पात्रको प्रयोग, प्रकृतिको मानवीकरण र मानवको प्रकृतीकरणको विश्लेषण गर्दछ । कृतिमा मानवहरू नै प्रकृतिको विनाश गर्नका लागि जन्मिएका सन्दर्भको खोजी गरी धरतीको रूवाइ, प्रकृतिको कोलाहल, मानव, जीव र वनस्पतिहरूको

गुहार, जल, वायु, आकाश, बादल आदिको चीत्कार जस्ता संवेदनशील पक्षहरूको खोजी गर्नुका साथै प्रकृतिको पक्षमा वकालत गर्दछ ।

मानवीय प्रवृत्तिकै कारण मानवजीवन सङ्कटग्रस्त परिवेशमा बाँचिरहेको तथ्यलाई प्रस्तुत गर्दै प्राचीनता र नवीनताका बिचमा होडबाजी चल्न थालेपछि धरती विषाक्त बन्दै गएको सन्दर्भको विश्लेषण समेत पर्यावरणीय समालोचनामा गर्ने गरिन्छ । प्रकृति मानवस्वास्थ्यका लागि हानिकारक हुँदै गएको, आज मान्छे चेतनाको, संवेदनाको, मानवताको र उदारताको प्रतिस्पर्धा गर्नुपर्ने बेलामा क्षेप्यास्त्रको प्रतिस्पर्धामा लीन भएको तथ्यको समेत यसले उजागर गर्दछ । जैविक विविधताको ह्रास, ओजन तह विनाश, ऊर्जाको अन्त्य, आणविक ऊर्जाको निर्माण आदिले गर्दा विश्वभरि मौसममा आएका परिवर्तन खतराका सङ्केत भएका छन् । वातावरणीय सन्तुलन बिग्रेर त्यसको असर विश्वव्यापी भएको छ । इकोलोजीलाई गम्भीरताका साथ हेर्नेहरूले पशुप्राणी जोगाउने, फोहोर नियन्त्रण गर्ने अभियानमा लाग्नुभन्दा मानिसले पृथ्वीलाई बिगार्ने, रूख काट्ने, पानी थुन्ने, सुरूङ खन्ने, मार्ग बनाउने आदि अधिकार नभएको जिकिर गर्दछन् । उनीहरूले मान्छेमा पृथ्वीलाई छुने पनि अधिकार नभएको भन्दै मानवेतर जगत्को स्वतन्त्रताको पक्षमा बोल्दछन् (भट्टराई, २०८१, पृ. १) । यसरी वातावरणलाई महत्त्व दिने पर्यावरणीय सिद्धान्तको प्रयोग गरी कृतिको विश्लेषण गर्ने पद्धतिको विकाससँगै पर्यावरणीय समालोचनाको स्थापना हुन पुगेको देखिन्छ ।

पर्यावरणीय समालोचना बिसौँ शताब्दीको मध्यतिर मानवीय क्रियाकलाप तथा विविध कारणबाट वातावरणमा पर्न गएको गम्भीर असरको समाधानका क्रममा वातावरणविद्हरूबाट सुरू हुन पुगेको अवधारणा हो (केरिज, सन् २००६, ५३१) । यसले प्रकृतिका अपरिहार्य तत्त्व जीवजन्तु, प्रकृति, वनस्पति, जल, वायु आदिमाथिको प्रभाव र तिनको सन्तुलन एवम् संरक्षणप्रतिको सजगतामा जोड दिन्छ । यसले कृतिमा चित्रित पर्यावरणीय सन्तुलन तथा पारिस्थितिक प्रणालीको अध्ययनका लागि प्राकृतिक सौन्दर्यको वर्णन, त्यसको विनाशमा मानिसले गरेका क्रियाकलाप, बढ्दो आधुनिकीकरण तथा सहरीकरणले निम्त्याएको सङ्कटलाई केन्द्रमा राख्दछ ।

प्राकृतिक चक्रमाथिको हस्तक्षेप र विनासले पारिस्थितिक प्रणालीमाथि असर पारिरहेको हुन्छ । पर्यावरणलाई रचनात्मक संरचनाका रूपमा प्रस्तुत गर्न नहुने, मानवीय आवश्यकता र इच्छालाई तर्कयुक्त र स्वाभाविक मान्न नहुने, पर्यावरणप्रति मानवीय कर्तव्य नैतिक अभिमूखीकरणको पक्ष मान्दै पर्यावरणलाई कृतिमा व्यवस्थित चक्रमा रूपमा प्रस्तुत गर्नुपर्ने मान्यता पर्यावरणीय समालोचकको छ (बुयल, १९९५, पृ. ७) । यसरी प्रकृति र मानवको सम्बन्ध, बढ्दो सहरीकरण तथा आधुनिकीकरणका कारण प्रकृतिमाथि परेको असर, पारिस्थितिक प्रणालीमा पर्दै गएको प्रभाव, वातावरणीय संवेदनशीलता, प्रकृतितर्फको मानिसको आकर्षण तथा प्रकृतिको जगेर्नामा मानिसले खेल्नुपर्ने भूमिकालाई कृतिमा कसरी प्रस्तुत गरिएको छ भनी अध्ययन गर्ने पद्धति पर्यावरणीय समालोचना हो । यसले पर्यावरणीय चेतनाका माध्यमबाट नै कृतिको विश्लेषण गर्ने भएकाले डी. आर. को 'बूढो रूख' कथामा प्रस्तुत यिनै प्रवृत्तिको निरूपण यसमा गरिएको छ ।

## नतिजा र विमर्श

*बूढो रूख कथा*मा प्रकृतिको विनाशका कारण निम्तिएका समस्या र त्यसप्रतिको चिन्तालाई प्रस्तुत गरिएको छ । प्रकृति र मानवबिचको सम्बन्ध, प्रकृतिको विनाशले मानवीय जीवनमा पुगेको असर तथा प्रकृतिको संरक्षणप्रति जागृत पर्यावरणीय चेतनालाई विभिन्न उपशीर्षकमा यहाँ विश्लेषण गरिएको छ :

### प्रकृति र मानवबिचको सम्बन्ध

प्रकृति र मानवबिचको सम्बन्धको अध्ययनमा पर्यावरणीय समालोचनाको ध्यान केन्द्रित भएको छ । यसले मानवीय अस्तित्व प्रकृतिविना अपूर्ण हुने तथा प्रकृतिको संरक्षणमा मानवको ठूलो भूमिका हुने विचार व्यक्त गर्दछ । कृतिमा प्रस्तुत प्रकृति र मानवबिचको सम्बन्धको अध्ययनबाट पर्यावरणीय चेतनाको निरूपण गर्न सकिने यसको मत छ । तसर्थ यसमा विश्लेष्य कृतिमा प्रकृति र मानवको सम्बन्ध केकस्तो रहेको छ भन्ने सन्दर्भको अध्ययन तथा विश्लेषण गरिएको छ ।

*बूढो रूख* कथामा प्रकृति र मानवबिचको अन्तर्सम्बन्धलाई प्रस्तुत गरिएको छ । यसमा प्रकृतिविना मानवीय अस्तित्व अकल्पनीय रहेको सन्दर्भलाई स्थान दिइएको छ । घरनजिकैको बूढो रूख सुक्दै जान थालेपछि युवाहरूले त्यसलाई ढाल्ने योजना बुन्दै गर्दा सोही रूखमा आफ्नो जीवन देख्ने वृद्ध बडाका कथनका माध्यमबाट यस कथामा प्रकृति र मानवबिचको सम्बन्धसम्बन्धी पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको छ । बूढो रूख ढाल्ने कुरा सुनेपछि हकार्दै बडाले भनेको "...जो आए पनि यो बूढो रूखलाई देखिसहँदैनन्, किन होला ? तिमेर्को के बिगारेको छ हँ यो रूखले ? जो आए पनि काटिहाल, ढालिहाल भन्छ । के देख्छौ हँ तिमेर्ले यो बूढो रूखमा ?" (पृ. १५) कथनले सोही कुराको पुष्टि गरेको छ । यसमा उनले रूखलाई ढाल्ने योजना गरिरहेका युवाहरूप्रति प्रश्न गर्दै ढाल्न नहुने सन्दर्भमार्फत उपादेयता सकिएपछि लत्याउने मानवीय प्रवृत्तिप्रति रोष प्रकट गरेका छन् । यसले प्रकृतिको संरक्षणका पक्षमा मात्र नभएर प्रकृतिप्रतिको आत्मीय सम्बन्धको उद्घोष समेत गरेको छ । बडाको बाल्यकालको साथी बनेको रूख उनका जीवनका अनेक पलहरूको साक्ष हुनु प्रकृतिको जैविक अस्तित्वका साथै सामाजिक एवम् भावनात्मक अस्तित्वको हिस्साको प्रतीक पनि हो । तसर्थ यसमा प्रकृति र मानवबिचको अन्तर्सम्बन्धका माध्यमबाट प्रस्तुत पर्यावरणीय चेतनाको अभिव्यक्ति पाइन्छ ।

यस्तै राईको प्रस्तुत कथमा बडाका कथनमार्फत अभिव्यक्त सामाजिक विसङ्गति र उपयोगितावादी सोचप्रतिको आलोचनासम्बन्धी पर्यावरणीय चेतनालाई यसरी व्यक्त गरिएको छ : "अहिले बूढो देखेपछि ढालिहाल्नुपर्ने ? त्यसो भए म पनि काम नलाग्ने बूढो भएँ मलाई पनि मारिहाल्नु पऱ्यो नि !" (पृ. १५) भन्ने कथनले रूख र मानवबिचको तुलना र उपादेयताप्रति सजग गराएको छ । यसमा जसरी वृद्ध भएकै आधारमा मान्छेलाई मान्छेले मारिहाल्न सक्दैन त्यसरी नै वृद्ध भएको रूखलाई ढलाउन हुँदैन भन्ने अभिप्रायका माध्यमबाट प्रकृतिको संरक्षण तथा प्रकृतिसँग मानवीय सम्बन्धप्रतिको सजगतालाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथामा बडाका कथनमार्फत प्रकृति र मानवको समान अस्तित्व तथा घनिष्ठ सम्बन्धप्रतिको चेतनालाई स्थान दिइएको छ । यसमा "यो रूखको बोली मात्र नआएको हो । यसको पनि जीवन छ, जुन मसँग मेल खाइरहेको छ अहिले । तुलना गर्छु, यो रूख र मेरो जीवन एकै लाग्छ । अहिले श्रीमतीको अभावलाई यही रूखले टारेको छ" (पृ. १५) भन्ने बडाको कथनले सो कुराको पुष्टि गरेको छ । यसले बोल्न नजानेकै भरमा प्रकृतिमाथि अन्याय गर्न नहुने तथ्य मात्र होइन श्रीमती गुमाएका एकल वृद्ध पुरूषले प्रकृतिमा प्रियाको माया तथा छायाको अनुभूति गरिरहेको सन्दर्भलाई पनि प्रस्ट पारेको छ । रूखको जीवन र आफ्नो जीवनसँग मेल खाइरहेको सन्दर्भलाई रूखको जवानी र आफ्नो जवानी, रूखको सिर्जना र आफ्नो सिर्जनासँग एकाकार गर्दै उनले प्रकृति र मानवबिचको सादृश्य सम्बन्धको दृष्टान्तसमेत कथामा प्रस्तुत गरेका छन् । यसरी प्रकृति र मानवबिचको आत्मीय सम्बन्धलाई सकार्दै प्रकृतिको विनाश गर्न नहुने विचार बडाका कथनमार्फत प्रस्तुत गरिएको हुनाले यस कथामा प्रकृति र मानवीय सम्बन्धप्रतिको पर्यावरणीय चेतना प्रबल बनेको देखिन्छ ।

## प्रकृतिप्रतिको विश्वास र आकर्षण

पर्यावरणीय समालोचनाले कृतिमा प्रस्तुत प्रकृतिप्रतिको विश्वास र आकर्षणको अध्ययनबाट पर्यावरणीय चेतनाको निरूपण गर्न सकिने मान्यता राख्दछ । *बूढो रूख* कथामा मानिसको प्रकृतिप्रतिको विश्वास एवम् आकर्षणसम्बन्धी पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको छ । यस कथामा प्रकृतिले मानिसलाई जहिल्यै पनि आफूतिर खिच्ने गरेको र प्रकृतिबाट टाढा जाने मान्छेको इच्छा नभएको सन्दर्भको वर्णन गरिएको छ । यस कथामा प्रस्तुत "सहरको धुवाँ, धुलो र कोलाहलबाट मुक्त हुँदै गाउँतिर लागेँ" (पृ.९) भन्ने म पात्रको कथनले ग्रामीण जीवन अर्थात् प्रकृतितर्फको आकर्षणलाई नै द्योतन गरेको छ । सहरको कृत्रिम र प्रदूषित वातावरणबाट उम्किएर प्रकृतिको काखमा पुग्न चाहने म पात्रको यात्रा केवल भौगोलिक स्थानान्तरण नभएर आन्तरिक शान्तिको खोजी र प्राकृतिक सौन्दर्यको तृष्णा पनि हो । शहरी कोलाहलमय वातावरणभन्दा शान्त, स्वच्छ र हरियालीपूर्ण परिवेशले मानिसलाई अधिक तुष्टि, सन्तोष र जीवनको वास्तविकता अनुभव गराउँछ भन्ने विश्वास कथाले उजागर गरेको छ ।

प्रस्तुत कथाले प्रकृतिको साथ भएकाले गाउँले जीवनमा शान्ति मिल्ने, मन आनन्दित हुने तथा मानसिक स्वच्छता प्राप्त हुने विश्वासलाई समेत द्योतन गरेको छ । यस कथाले वातावरणीय सौन्दर्यको वर्णन मात्र नगरी प्रकृतिले मानसिक स्वास्थ्यमा पार्ने सकारात्मक प्रभावलाई समेत उजागर गरेको छ । प्रस्तुत कथामा प्रकृतिको काखमा पुगेपछि सोचाइ नै बदलिने सकारात्मक चिन्तनलाई "हरियालीयुक्त वातावरणमा सोचाइ पनि स्वच्छ र हराभरा हुँदै गयो" (पृ.९) भन्ने म पात्रको कथनमार्फत प्रस्तुत गरिएको छ । यसले प्रकृति केवल बाह्य सौन्दर्य मात्र नभएर मानसिक, भावनात्मक र आध्यात्मिक उन्नतिको स्रोत भएको सङ्केत गरेको छ । प्रकृतिसँगको सान्निध्यले व्यक्तिको चिन्तन प्रणालीलाई पनि प्रभावित पार्ने र नकारात्मकता घटाएर सकारात्मक सोचको विकास गराउने भाव यसमा अभिव्यक्त गरिएको छ ।

यसरी 'बूढो रूख' कथामा प्रस्तुत चरित्रको यात्रा केवल शारीरिक नभई भावनात्मक रूपान्तरणको यात्रा हो । यो प्रकृतिप्रतिको आकर्षण र सम्बन्धद्वारा निर्देशित छ । यसरी यस कथाले प्रकृतिसँग मानवीय मन तथा संवेदना जोडिएको सन्दर्भमार्फत पर्यावरणीय चेतनालाई प्रस्तुत गरेको छ । यसले प्रकृतिप्रतिको लगाव, संरक्षणको भावना र आत्मीय सम्बन्धप्रतिको गम्भीर भाव विकसित गराउँदै पर्यावरणीय चेतनाको उजागर गरेको छ । साथै यसले प्रकृतिसँग मानवीय मन तथा संवेगको सम्बन्धमार्फत प्रकृतिसँगको सान्निध्यमा मानवीय सोचमा समेत परिवर्तन आउने हुँदा मान्छेको प्रकृतितर्फको आकर्षणसम्बन्धी पर्यावरणीय चेतनालाई प्रस्तुत गरेको छ ।

## प्रकृतिको विनाशप्रतिको चिन्ता

*बूढो रूख* कथामा पूँजीवाद, भौतिकता र यान्त्रिकताका कारण विकसित सोच र त्यसले प्रकृतिमाथि पारेको नकारात्मक प्रभावका सम्बन्धमा प्रश्न उठाइएको छ । यसमा प्रकृतिको विनाशले मानवीय जीवन सङ्कटमा पर्ने सन्दर्भ र त्यसप्रतिको चिन्तालाई प्रस्तुत गरिएको छ । "... मनमनै सोचेँ, हेर त, पारि पाखो खुइलिएर फुस्रो भएछ" (पृ. ९) भन्ने म पात्रको कथनमा प्रकृतिको विनाशतर्फको चिन्ता देखिएको छ । म पात्रको "... सधैँ चौतारीबाटै पानीको धारो धररर झरेको सुनिन्थ्या । तर त्यो धाराको मुहान कता हरायो, नामोनिशान छैन । वारिपारि देखिने जङ्गलका त्यत्रा रूखहरू काटेर सखाप" (पृ. १०) भन्ने अभिव्यक्तिले पनि सोही तथ्यलाई प्रस्तुत गरेको छ । यसमा वनजङ्गलको विनाशका कारण पानीको मुहान सुकेपछि देखापरेको चिन्तालाई प्रस्तुत गरिएको छ । यसले प्रकृतिको विनाशबाट पारिस्थितिक प्रणालीमा पारेको प्रभाव तथा मानवीय जीवनमा देखापरेको असरसमेतलाई प्रस्ट पारेको छ ।

प्रस्तुत कथामा रूखमा रमाइरहेका चराहरूको चित्रणका माध्यमबाट प्रकृतिको वर्णन गरिएको छ । यसमा "... बडासँग यै आँगनमा बसेर गफ पिट्दै गर्दा घरमाथिको बूढो रूखमा एक जोडी तामे ढुकुर बसिरहेका थिए । त्यत्तिकैमा काग बत्तिएर आएपछि ढुकुर भाग्यो । काग बस्दा सानो सुकेको हाँगो आागनको डिलमाथि झर्‍यो" (पृ. १४) भन्ने म पात्रको कथनमार्फत रूखमा खेलेका ढुकुर र कागको दृश्यको वर्णन गरिएको छ । काग बस्दा खसेको सुकेको हाँगालाई देखेर बडामा बढ्दै गएको चिन्ताले प्रकृतिको विनाशप्रतिको सजगतालाई द्योतन गर्नुका साथै मानव र प्रकृतिबिचको सादृश्य सम्बन्धलाई पनि प्रस्ट पारेको छ । यस कथाका पात्र बडाको कथन यस्तौ छ :

> यो रूखले जवानीमा कतिलाई जीवन दियो त कतिको आडभरोसा बन्यो होला । यसले फैलाएको हरियाली र शीतल छहारीमा कतिले आरामको सास फेरे होलान् । यो रूख जवान हुँदाको वासनाले टाढाटाढाबाट पक्षीहरू झ्यामिन आइपुग्थे र हाँगाहाँगामा खेल्थे, रमाउँथे । सानाठूला जोडीहरू यही रूखभित्र जीवनलीलामा हराउने गर्थे । सबै खाले चराचुरूङ्गीका लागि यो रूख सुरक्षित संसार थियो । कतिले यसैभित्र गुँड लगाए । बचेराहरू हुर्काए । (पृ. १६)

बडाका यस कथनमा प्रकृतिले जीवजन्तु, चराचुरूङ्गी तथा मानवलाई दिएको आश्रय र पुऱ्याएको अमूल्य योगदानको चर्चा गरिएको छ । यसमा एउटै रूखलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरी मानवीय जीवनसँग प्रकृतिको सम्बन्धको चित्रण गरिएको छ । रूखले जवानीमा दिएको आडभरोसा तथा जीवन, हरियाली, शीतल छहारी, माधुर्य एवम् क्रीडास्थललाई भुल्न नहुने बडाको कथन छ । जवान रूखको वासनामा लठ्ठिएका पक्षीहरूका लागि सुरक्षित संसार बनेको रूखले कतिको बास बन्ने त कतिको बचेरा हुर्काउने अवसर पाएको सन्दर्भका माध्यमबाट बडाले यस कथामा प्रकृति र पर्यावरणको आवश्यकता तथा महत्त्वलाई प्रस्तुत गरेका छन् ।

प्रस्तुत कथामा समयक्रमसँगै प्रकृतिको विनाशतर्फ उद्यत मानवप्रति व्यङ्ग्य र आक्रोश प्रकट गर्दै प्रकृतिको विनाशप्रतिको चिन्ता व्यक्त गरिएको छ । यस सन्दर्भमा यस कथामा बडा पात्रका कथनमार्फत प्रस्तुत गरिएको धारणा यस्तो छ :

> ती हिंस्रक बनेका कागले कहिलेकाहीँ सानातिना हाँगा नै भाँची झार्छन् । त्यस बेला म झस्किन्छु । मेरै हात भाँचिएको ठान्छु ।... शरीरको छाला चाउरिएर यो बूढो रूखको बोक्राजस्तै भाछ । रूखका ठाउँठाउँमा चिरा परेजस्तो खुट्टाको कुर्कुच्चा पटपटी फुटेको छ । यो बूढो रूखको जरा आफैँ सुक्दै गएजस्तो मेरो पनि आँत सुक्दै गएको छ । खानमा पटक्कै रूचि छैन । लाग्छ मेरो जिन्दगी र यो रूखको जिन्दगीले एउटै र उस्तैउस्तै नियति भोगिरहेको छ । (पृ. १७)

बडाको यस कथनले बुड्यौलीमा पुग्दै गरेको वृक्ष र त्यसको विनाशप्रतिको चिन्ता प्रस्तुत गरेको छ । यसमा कागले सानातिना हाँगा भाँच्दा बडा झस्किनु, आफ्नै हात भाँचिएको महसुस गर्नु, रूखको बोक्रा जस्तै शरीर चाउरिएको ठान्नु, रूखका चिरासँग आफ्ना फुटेका कुर्कुच्चालाई दाँज्नु, सुक्दै गएको रूखका जरासँग आफ्नो आँत सुकेको तुलना गर्नु, रूखको जिन्दगी र आफ्नो नियतिलाई उस्तै ठान्दै समान भोगाइको अनुभूति गर्नु मानवीय जीवन लीला सकिन लागेजस्तै प्रकृतिको अस्तित्व पनि दिनप्रतिदिन धरापमा पर्दै जान लागेको तथ्यप्रति चिन्ताग्रस्त हुनु हो । यसर्थ बडाका कथनमार्फत यस कथामा प्रकृतिको विनाशतर्फको चिन्तासम्बन्धी पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको छ ।

प्रकृतिको विनाशलाई चिहाइरहेका आँखामा देखिएको उदासीनता तथा त्यसले मस्तिष्कमा परेको चोटलाई यस कथामा स्थान दिइएको छ । यसमा बडाले गरेको व्यवहारका सन्दर्भमा उनको छोरा नन्दलालले गरेको व्याख्याले सोही तथ्यलाई उजागर गरेको छ :

> उज्यालो भएदेखि बुबाको आँखा त्यै रूखमा हुन्थ्यो क्या ! कुनै चरा आएर त्यो नाङ्गे रूखमा बस्नै नहुने । के हुन्थ्यो हुन्थ्यो बुबालाई । गनगन गर्दै आँगनमा ओहोरदोहोर गर्नुहुन्थ्यो । अरू त कतै जान सक्नुहुन्नथ्यो । त्यो बूढो रूखसित रिस उठेको हो कि माया लागेको हो, मैले केही बुझ्न सकिनँ बुबाको । (पृ. १९)

नन्दलालको यस कथनमा उसको बुबाको प्रकृतिको विनाशप्रतिको चिन्तालाई प्रस्तुत गरेको छ । यसमा रूखलाई असर हुने गरी कसैले कुनै गतिविधि गर्दा बडाको मनले थाम्न नसक्नु, चिन्ता पर्नु र रिसाउनु जस्ता क्रियाकलापका माध्यमबाट प्रकृतिको विनाशप्रतिको सजगता एवम् संरक्षणको आह्वानसम्बन्धी चेतनालाई प्रस्तुत गरिएको छ । यस्तै उनको "यो रूख ढाल्नुभन्दा पहिले मलाई ढाल्, सक्छस् ? ल उचाल् बन्चरो" (पृ. २१) भन्ने कथनले पनि सोही तथ्यलाई थप पुष्टि गरेको छ । यस कथनले रूख र मान्छेको समान अस्तित्व तथा भूमिकालाई प्रस्तुत गरेको छ । मान्छेले आफ्ना मान्छे अर्थात् जन्मदातालाई जति महत्त्व र इज्जतका साथ हेर्ने गर्छ, त्यसरी नै प्रकृतिलाई पनि महत्त्व दिनुपर्ने र माया गर्नुपर्ने भावलाई यस कथनले व्यक्त गरेको छ । यसरी यस कथामा प्रकृतिको विनाशप्रति पात्रमा जागृत चिन्ता, आक्रोश एवम् असन्तुष्टिका माध्यमबाट पर्यावरणीय चेतना प्रस्तुत गरिएको छ ।

## प्रकृतिको जगेर्नातर्फको चेतना

*बूढो रूख* कथामा प्रकृतिको संरक्षणप्रति मानवमा जागृत चेतनाका माध्यमबाट पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको छ । प्रस्तुत कथामा बाल्यकालदेखि देखेको, खेलेको र गाउँको शानका रूपमा उभिएको रूख नदेखिँदा म पात्रमा परेको चिन्ताका माध्यमबाट प्रतीकात्मक रूपमा प्रकृतिको जगेर्नाप्रतिको चिन्तनलाई प्रस्तुत गरिएको छ । यसमा "... नन्दलालको घरमाथिको एक्ले रूख छर्लङ्ग देखिन्थ्यो यहाँबाट । तर कति हेरेँ, देखिनँ" (पृ.१०) भन्ने कथनमार्फत म पात्रले गाउँको पहिचानका रूपमा उभिएको रूख नदेख्दाको चिन्तालाई व्यक्त गरेको छ । "... आँगनको तल्लाछेउको कटेराबाट घरमाथिको थेप्चे सानो थुम्के डाँडो छर्लङ्ग देखिन्थ्यो, तर त्यहाँ बूढो रूख थिएन" (पृ. १४) भन्ने म पात्रको कथनले पनि त्यसकै थप पुस्टि गरेको छ । यस कथामा प्रस्तुत यस किसिमको चिन्ता केवल एक व्यक्तिको नभएर मानव जातिको सामूहिक अनुभूति हो । यदि प्रकृतिको विनाश यस्तै गतिमा अगाडि बढिरह्यो भने यसले मानवजीवनमा ठूलो समस्या निम्त्याउने सन्दर्भप्रति यसले सङ्केत गरेको छ । प्रकृति नदेखिँदा, हराउँदा वा नष्ट हुँदा मान्छेको आत्मामा शून्यता, अभाव र पश्चात्तापको अनुभूति जागृत हुन पुग्नु पर्यावरणीय विनाशप्रतिको चिन्ता हो । यस कथामा म पात्रको अवलोकन केवल बाह्य दृश्यको मूल्याङ्कन नभएर बिग्रँदो भावनात्मक सम्बन्ध र आत्मीयताको खोजीप्रतिको पनि हो । यसमा रूख नदेखिनु कुनै सामान्य घटना नभएर प्रकृति विनाशको सङ्केतक हो । यसले सम्पूर्ण मानवजातिमा प्रकृतिको संरक्षण तथा सम्बर्द्धनप्रतिको जिम्मेवारी बोध गराउँछ । प्रकृति विनाशको यस सङ्केतले भावी पुस्ताका लागि स्मृति र सम्पर्क गुमाउने खतराका साथै सामाजिक र सांस्कृतिक पहिचान, स्मृति र आत्मीय सम्बन्ध हराउँदै जाने तथ्यलाई पनि द्योतन गर्दछ । यसरी यस कथाले प्रकृतिको जगेर्नासम्बन्धी चिन्ता तथा चिन्तनका माध्यमबाट पर्यावरणीय चेतनालाई प्रस्तत गरेको छ ।

यस कथामा प्रस्तुत चिन्ता र अभावको भावना नै पर्यावरणीय चेतनाको मूल हो । प्रस्तुत कथाका बडा पात्रमा पर्यावरणीय चेतना प्रखर बनेको छ । बडाले "एक्लो हुँदाको मेरो साथी भने पनि, सन्तान भने

पनि, प्रेमिका भने पनि, यै खिङ्रिङ्ग परेको बूढो रूख त हो नि ! जे होस्, यो बूढो रूखलाई म बाँचुन्जेल रहन दे" (पृ. २२) भन्दै बूढो रूखलाई ढाल्न नदिएको सन्दर्भले प्रतीकात्मक रूपमा मानवीय जीवनसँग प्रकृतिको सम्बन्ध र प्रकृतिको जगेर्नामा मानवमा जागृत चेतनालाई प्रस्ट पारेको छ । यसले आवश्यकता परे प्रयोग गर्ने र नपरे मिल्काउने प्रवृत्ति बोकेका मानवप्रति व्यङ्ग्यको झटारो हान्दै प्रकृतिलाई साथी, सन्तान र प्रेमिकाकै स्थानमा राख्नुपर्ने मत पनि अभिव्यक्त गरेको छ । स्वार्थका कारणले नातासम्बन्धलाई कायम राख्ने मानिसले एक दिन मानिसकै साथ छाड्न पछि नपर्ने भए तापनि प्रकृतिले कहिल्यै मानिसलाई धोका नदिने विचार समेत यसमा प्रस्तुत भएको छ । आफ्ना भन्ने कोही नभएका बेला पनि प्रकृतिसँगको सामीप्यमा जीवन सहज बनेको तथ्यलाई सन्तान, प्रेमिका र साथीको स्थानमा रहेको रूखको दृष्टान्तमार्फत बडाले मार्मिक रूपमा प्रस्तुत गरेका छन् । यसर्थ प्रकृतिको जगेर्नाबाट मात्र मानवजीवन सार्थक हुने विचारका माध्यमबाट पर्यावरणीय चेतनालाई यस कथामा प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

डी. आर. को *बूढो रूख* कथामा पर्यावरणीय चेतनाको प्रस्तुति पाइन्छ । उनको यस कथामा प्रकृति र मानवको आत्मीय सम्बन्ध, प्रकृतिप्रतिको विश्वास र आकर्षण, प्रकृतिको विनाशप्रतिको चिन्ता, प्रकृतिको जगेर्नातर्फको चेतनाजस्ता पर्यावरणीय चेतनाको अभिव्यक्ति पाइन्छ । यसमा रूख र मान्छेको जीवनबिचको सादृश्य सम्बन्ध देखाउँदै बूडो भएको रूखलाई ढाल्नु आफूलाई नै मार्नुसरह भएको बडाका विचारका माध्यमबाट प्रकृतिविना मानवजीवन अधुरो हुने तथ्यका साथै प्रकृति र मानवबिचको आत्मीय सम्बन्धसम्बन्धी पर्यावरणीय चेतनाको प्रस्तुति देखिन्छ । यस्तै यसमा अशान्ति, अमनचयन, कोलाहलबाट भागेर ग्रामीण जीवनमा र प्रकृतिको काखमा जाने उत्साहका माध्यमबाट प्रकृतिप्रतिको आकर्षण एवम् विश्वाससम्बन्धी पर्यावरणीय चेतनाको प्रस्तुति गरिएको पाइन्छ । यस कथामा रूखलाई काट्ने योजनामा लागेका युवाप्रति धम्की, घुर्की एवम् आक्रोश तथा असन्तुष्टिका भाव व्यक्त गर्दै पात्रले गरेको विद्रोहका माध्यमबाट प्रकृतिको विनाशप्रतिको चिन्तासम्बन्धी पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको देखिन्छ । बूढो रूखलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरी जन्मदातालाई मान्छेले जति महत्त्व र माया दिने गरेको छ त्यति नै प्रकृतिलाई पनि महत्त्व दिएर माया गर्नुपर्ने लाक्षणिक भावको प्रस्तुति यसमा पाइन्छ । प्रकृतिको विनाश गर्नु भनेकै सम्पूर्ण पर्यावरणको विनाश गर्नु र मानवीय अस्तित्व समेत नामेट हुनु हो भन्ने भावका माध्यमबाट रूखको संरक्षणको माग गर्दै प्रकृतिको जगेर्नासम्बन्धी पर्यावरणीय चिन्तन पनि यसमा प्रस्तुत गरिएको देखिन्छ । यसरी मूलतः बडा पात्र र आंशिक रूपमा म पात्रको विचारका माध्यमबाट यस कथामा पर्यावरणीय चेतना प्रबल बन्न पुगेको पाइन्छ । पर्यावरणीय समालोचकले भने झैँ विशेषतः प्रकृति र मानवबिचको सम्बन्ध, निकटता, आकर्षण, विश्वास तथा प्रकृतिको अस्तित्वको जगेर्नाप्रतिको चेतनाका माध्यमबाट यस कथामा पर्यावरणीय चेतना अभिव्यक्त भएको देखिन्छ । यस कथामा आएको पर्यावरणीय चेतनाले कथालाई रोचक, कौतुहलपूर्ण एवम् वैचारिक बनाएको पाइन्छ । यसले वर्तमानमा पर्यावरणका

सम्बन्धमा बढ्दै गएको चिन्ता र चिन्तनलाई समेत समय सापेक्षित र कलात्मक रूपमा उजागर गर्नमा सफलता हासिल गरेको देखिन्छ । यसर्थ *बूढो रूख* कथालाई पर्यावरणीय चेतनाले सशक्त कथाका रूपमा लिन सकिन्छ ।

## सन्दर्भ सामग्रीसूची


डी. आर. (२०८०), खोक्पा, काठमाडौँ : पेज टर्नर ।

डी.आर.को कथासङ्ग्रह खोक्पा सार्वजनिक (२०८०), *साहित्यपोस्ट,* https://sahityapost.com, हेरेको मिति : २०८१ मङ्सिर १७ ।

साताको पुस्तक : डी. आर. को खोक्पा (२०८०), *साहित्यपोस्ट,* https://sahityapost.com, हेरेको मिति : २०८१ मङ्सिर १७ ।

सिंह, राजवीर (सन् २०१९), 'वेदों में पर्यावरण चेतना', *राजभाषा ज्योति,* https://rajbhasha.gov.in, हेरेको मिति : २०८१ मङ्सिर ३, पृ.६-१३ ।

Buell, Lawrence (1995), *The Environmental Imagination Thoreau, Nature Writtings, and the Formation of American Calture*, London : Harvard University Press.

Dobie, Ann B. (2012), *Theory into Practice: An Introduction to Literary Criticism*, Third Edition, Boston: Wadsworth Cengage Learning.

Heise, Ursula K. (2006), "The Hitchhiker's Guide to Ecocriticism." *PMLA*, vol. 121, no. 2, pp. 503–16, *JSTOR*, http://www.jstor.org/stable/25486328, Accessed 19 Nov. 2024.

Howarth, William (1996), "Some Principles of Ecocriticism", *The Ecocriticism Reader: Landmarks in Literary Ecology,* Glotfelty, Cheryll and Fromm, Harold (Ed.), Athens and London: The University of Georgia, Pp. 69-91.

Kerridge, Richard (2006), "Environmentalism and Ecocriticism", in Patricia Waugh (ed.), *Literary Theory and Criticism*, London: Oxford University Press, pp. 530-543.

Milne, Anne (2010). "Ecocriticism." *Key Words: A Journal of Cultural Materialism*, no. 8, pp. 46–47. *JSTOR*, https://www.jstor.org/stable/26920272, Accessed 19 Nov. 2024.